# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, पुस १२ गते, २०७८ साल (सङ्ख्या १८

## भाग ३

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८**

प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ को उपदफा (१) को खण्ड (ख) पछि खण्ड (ख१) थपः</u>** प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो खण्ड प्रारम्भ भए पछि एक पटकको लागि सामान्यतया समयावधि पुगेका कर्मचारीको सरुवा सम्बन्धित मन्त्रालय वा कार्यालयले २०७८ साल पुस १५ देखि ऐ. माघ मसान्तसम्म गर्न सक्नेछ । यसरी सरुवा गर्दा पहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले र त्यसपछि सम्बन्धित मन्त्रालय र केन्द्रीय निकायले क्रमशः सरुवा गर्नु पर्नेछ।"

**आज्ञाले,**
**यमलाल भुसाल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-